
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १७ गते आइतबार ❑ 3 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एमालेको लडाइँ विकास र समृद्धिका विरोधीसँग : एमाले अध्यक्ष ओली

**रासस**
काठमाडौं, १६ भदौं

नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमालेको लडाइँ सधैँ प्रतिक्रियावादी, विकास र समृद्धिका विरोधीसँग हुने बताउनुभएको छ।

उहाँले एमाले सरकारबाट हटेपछि विकासका सबै काम रोकिएको भन्दै, "रोप्ने बबुलको रुख खोज्ने स्याउ", उहाँले भन्नुभयो, "हामीले सुरु गरेका विकासका योजना अहिले सबै अलपत्र छन् ।" अध्यक्ष ओलीले नेकपा (एमाले) लुम्बिनी प्रदेशको प्रथम अधिवेशनको आज बुटवलमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै एमाले सुशासन र समृद्धिको लागि नेतृत्व गर्ने, देश र जनताका लागि काम गर्ने सरकार चलाउन चाहने पार्टी भएको बताउनुभयो । अध्यक्ष ओलीले लुम्बिनी प्रदेशमा सकेसम्म उच्चस्तरीय सहमति र नभए लोकतान्त्रिक विधिबाट नेतृत्व चुनिने बताउनुभयो । उहाँले एमालेका नेता तथा कार्यकर्ता पार्टीभित्र एकताका लागि प्रतिबद्ध हुनुपर्ने र विरोधीसँग लड्नुपर्ने बताउनुभयो । उहाँले लुम्बिनीजस्तो ऐतिहासिक क्षेत्रबाट एमालेको बलियो किल्ला, सिङ्गो कम्युनिष्ट पार्टीको उद्गमस्थलबाट एकताको सन्देश दिनुपर्ने बताउनुभयो ।

"लुम्बिनीजस्तो यस्तो इतिहास बोकेको क्षेत्रमा यति धेरै नेता भएको अवस्थामा विवाद बाहिर आएको सुन्नु नपरोस्", उहाँले भन्नुभयो, "तपाईंहरूले सहमति गर्नुस् म भोलि घोषणा गर्छु । लुम्बिनीबाट सिङ्गो देशवासीलाई, पार्टी कमिटीलाई सन्देश दिनुपर्ने छ ।" एमालेले पार्टीको लोकतान्त्रिक प्रक्रिया सबैभन्दा पहिले सुरु गरेको बताउँदै यो अधिवेशन प्रादेशिक संरचना गएर कर्मकाण्डी पूरा गर्न गरिएको नभइ आवधिकरूपमा उद्देश्यसहित अधिवेशन गर्न थालेको बताउनुभयो । एमाले उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले एमालेको नीति र नेतृत्वमा कुनै विवाद नरहेको बताउनुभएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष पौडेलले एमालेभित्र विवाद ल्याएर पार्टीलाई कमजोर पार्ने प्रयास भइरहे पनि त्यो कदापि सफल नहुने बताउनुभयो। उपाध्यक्ष पौडेलले एमालेभित्रको एकतालाई कमजोर पार्ने प्रयासलाई कुनै हालतमा सफल हुन नदिने भन्दै नेतृत्व उमेर नभएर विचार भएकाले समकालीन राष्ट्रिय राजनीतिका दूरदर्शी नेताको नेतृत्वमा एमाले रहेको बताउनुभयो । उहाँले पार्टी र गुट फरक विषय भएको जिकिर गर्दै गुट र पार्टी कहिल्यैसँगै चल्न नसक्ने बताउनुभयो । "गुट बनाउनेले पार्टी बनाउँदैन, पार्टी बनाउनेले गुट बनाउँदै हिँड्दैन", उहाँले भन्नुभयो, "म ४५ वर्षदेखि पूर्णकालीन राजनीति गरेर हिँडेको हुँ, गुटबन्दी गरेर कहिल्यै हिँडेको छैन ।" पार्टी महासचिव शङ्कर पोखरेलले पार्टीभित्रको लोकतन्त्रमा एमाले सबैभन्दा अगाडि रहेको बताउनुभयो । उहाँले एमालेभित्र विवाद देखाएर केही व्यक्ति रमाएको उल्लेख गर्दै एमालेलाई बलियो बनाउन नेतृत्व एकताबद्ध रहेको बताउनुभयो। महासचिव पोखरेलले जनताका बीचमा एमालेलाई स्थापित गर्ने वैचारिक राजनीतिक र सङ्गठानिकरूपमा एमाले एकताबद्ध रहेको बताउनुभयो । उहाँले एमालेमा राष्ट्र निर्माणका निम्ति प्रतिस्पर्धा हुने र कामका माध्यमबाट एमालेलाई जनतामाझ योग्य सावित गर्न कार्यकर्तामा आह्वान गर्नुभयो । राष्ट्र निर्माण, विकास समृद्धि र स्वाधिनताका लागि राष्ट्रिय एकता आवश्यक रहेकोसमेत उहाँले बताउनुभयो । पार्टी उपमहासचिव तथा पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले देशमा अस्थिरता निम्त्याउन एमालेविरुद्ध विदेशी शक्तिसँग मिलेर मोर्चाबन्दी गरेको बताउनुभयो। उहाँले एमाले सबैखाले अधिनायकवाद, निरंकुशता र एकपक्षीयताविरुद्ध लडिरहेको पार्टी भएको बताउनुभयो । उहाँले लोकतान्त्रिक अभ्यास पार्टीको आन्तरिक जीवनमा पनि लागू हुँदै आएको स्पष्ट पार्नुभयो । सचिव गोकर्ण विष्टले मुलुकमा स्वतन्त्रता र स्वाधिनतासहितको राष्ट्र बनाउन बलियो सवल र योग्य पार्टी आवश्यक रहेको र यसका लागि एमाले बलियो हुनुपर्ने बताउनुभयो। आजदेखि सुरु भएको एमाले प्रदेश अधिवेशनले आइतबार नयाँ नेतृत्व चयन गरेर सम्पन्न हुनेछ । अधिवेशनमा प्रदेशका १२ जिल्लाबाट एक हजार चार जना प्रतिनिधि सहभागी छन् ।

## चन्दा नउठाउने विप्लवको घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का महासचिव विप्लवले नेपालका राजनीतिक पार्टीहरु आर्थिक दृष्टिकोण बनाउन चुकेको जिकिर गरेका छन् । उनले स्वतन्त्रता र समानता चाहियो भन्ने भाष्यमा रस नहुनुमा आर्थिक मुद्दा नजोडिनु नै रहेको जिकिर गरे ।

पोखरा उद्योग वाणिज्य संघले शुक्रबार आयोजना गरेको अन्तरक्रियाा बोल्दै उनले पार्टीका नेताहरु घुम्दै गएर भ्रष्टाचारा किन मुछिए र गोलीको ताँतीमा हिँडेको मान्छे तस्करीमा लाग्ने अवस्था किन भयो भन्ने प्रश्नको उत्तर खोजिनुपर्ने धारणा पनि राखे । आफैंले उत्तर दिँदै उनले उत्पादनसँग नजोडिनु र बिटाका बिटा पैसा दिन खोज्ने व्यवसायीका कारण यो स्थिति




आएको बताए ।


'यहाँ व्यवसायीहरुमा पनि खुवाउने र सिध्याउने भन्ने छ, मन्त्रीलाई भेटेर बिटाका बिटा दिने गरेकै हो, हिजो म माओवादीमा हुँदा पनि तपाईं (व्यापारी)हरुले दिएकै हो त,' उनले भने,' तपाईंहरुको व्यक्तिलाई दिन चाहनुहुन्छ,हामीले त्यो बेला अलिकता संस्थागत (चन्दा) गरौं भन्ने चाहेको हो ।'उनले व्यक्तिलाई दिएको चन्दा पारदर्शी नहुने र पार्टीसम्म नआइपुग्ने संकेत पनि गरे । कृषि र औद्योगिक अर्थतन्त्रलाई सँगै लैजाने पार्टीको नीति भएको बताउँदै उनले आउँदो तीन वर्षपछि नेकपाले खानकै लागि कसैसँग चन्दा नमाग्ने उद्धोष पनि गरे । उनले अहिलेदेखि नै पार्टीका कार्यकर्तालाई उत्पादनसँग जोडिएको पनि बताए । जग्गा भाडामा लिएर सामूहिक खेती गरिएको र आउँदा दिनमा यस्तो क्रियाकलापलाई बढावा दिने उनको भनाइ थियो ।

'तीन वर्षमा पार्टीलाई चन्दा माग्न बन्द गर्छौं,यो राजनीतिको दुरुपयोग हो । भातको लागि चन्दा हुँदैन । घर-व्यवहार चलाउन चन्दा उठाउने प्रवृत्ति रोक्न चाहन्छौं,' उनले भने । ठूलो क्रान्त्रि गर्नुपरेमा भने परि स्थिति फरक हुने उनको भनाइ थियो ।

अर्को प्रसंगमा उनले मन्त्री खानको लागि समाजवादी मोर्चामा उभिएको भनाइको खण्डन गरे । चाहेको भए माओवादी एक हुँदा नै हाल नेकपामा रहेका नेताहरु मन्त्री बन्ने अवस्था रहेको बताउँदै उनले भने,'हामी जत्तिकालाई मन्त्री पद इजी थियो,मन्त्री हुन चाहेको भए जहिले पनि छ, हिजो केपी ओलीसँग तीन बुँदे सहमति गर्दा पनि थियो, बाबुराम (भट्टराई) प्रधानमन्त्री हुँदा झन थियो, त्यो (बाबुरामलाई प्रधानमन्त्री) हामीले नै बनाएको हो ।


बाँकी अन्तिम पृष्ठमा ▶▶







## सहारा एकेडेमीलाई पूर्व राष्ट्रिय खेलाडी तुल्सी गुरुङद्धारा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

सहारा हङकङका प्रमुख सल्लाहकार एवं पूर्व राष्ट्रिय खेलाडी तुल्सी गुरुङ सहित उहाँको आफन्तबाट सहारा एकेडेमीको सहयोगार्थ १ लाख रुपैया आर्थिक सहयोग हस्तान्तरण गर्नु भएको छ ।

शनिबार पोखरा १७ दोभिल्लामा रहेको एकेडेमीमा आयोजित एक समारोहमा प्रमुख सल्लाहकार एवं पूर्व खेलाडी गुरुङ सहित उहाँको आफन्तले उक्त रकम सहारा क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज), कोषाध्यक्ष नवराज अधिकारी लगायतलाई हस्तान्तरण गर्नु भएको हो ।

प्रमुख सल्लाहकार एवं पूर्व खेलाडी गुरुङकी आमा काली गुरूङको स्मृतीमा तुल्सी सहित उहाँका आफन्तहरु जसमाया गुरुङ, ज्योती गुरुङ, वाईखासा गुरूङले उक्त रकम सहयोग गर्नु भएको हो । सहारा क्लवले निस्वार्थ र पारदर्शी ढंगले काम गरेको हुनाले आफुहरुले आफ्नी आमाको स्मृतिमा उक्त सहयोग गरेको प्रमुख सल्लाहकार गुरुङले बताउनु भयो । सहारा एकेडेमीमा रहेका



वालकहरुलाई अनुशासनमा रहन आग्रह गर्दै उहाँले आफ्ना दिदी बहिनीको बिषेश पहलमा सहयोग गर्न एकेडेमीसम्म आएको बताउनु भयो । उक्त अवसरमा खेलप्रेमी दीपेन्द्र गुरूङले एकेडेमीका बालकहरुको लागि नगद ११ हजार सहयोग गर्नु भएको थियो भने उक्त अवसरमा आजीवन सदस्य लिल गुरुङले फलफुल समेत वितरण गर्नु भएको सचिव सुनिल राना मगरले बताउनु भयो । सहारा क्लव हङकङका अध्यक्ष दीपक गुरुङले तुल्सी गुरुङकै अभिभावकत्वमा आफुहरुले हङकङमा आफुहरु स्थापित भएको दाबी गर्नु भयो। क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) को अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष वसन्त थकाली, पूर्व अध्यक्षहरु बिक्रम थकाली, विरभद्र आचार्य, केशव बहादुर थापा, एन्फा गण्डकीका उपाध्यक्ष मिलन गुरुङ, सल्लाहकार सुनिल गुरुङ, मानार्थ सदस्य लोक बहादुर गुरुङ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतको सहभागिता रहेको थियो ।

क्लव स्थापनाको २५ बर्ष गाँठको अवसरमा क्लवले यस बर्ष रजत जयन्तीको अवसरमा शनिबार एक दीने पदयात्रा (हाईकिङ) तथा स्वास्थ्य परिक्षण समेत गरेको बरिष्ठ उपाध्यक्ष एवं कार्यक्रम संयोजक केशवराज बरालले बताउनु भयो । सहारा एकेडेमीबाट पोखरा २१ को निर्मलपोखरीसम्म पदयात्रा तय गरिएको थियो । अल्ट्रा प्याथ ल्याबले प्रेसर, सुगर र यूरिक एसिडको निःशुल्क परिक्षण गरेको ल्याबकी सुस्मिता बरालले बताउनु भयो ।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

- थोमस फुलर

## सम्पादकीय

# दुई सातामा दुई पटक मूल्य बृद्धि

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको गठबन्धन सरकारले पछिल्लो दुई सातामा दुई पटक पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। नेपाल आयल निगमले भदौ १५ गतेबाट पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । यसपटक सबैभन्दा धेरै खाना पकाउने ग्यासमा मूल्य वृद्धि भएको छ। ग्यासमा प्रति सिलिन्डर २३५ रुपैयाँ मूल्य बढाइएको छ। मूल्य बृद्धीको विरोधमा प्रतिपक्षी नेकपा एमालेको जनसंगठन युवा संघ र राप्रपाले सडकमा उत्रेका छन । सरकारले यसअघि साउन ३१ गते पनि मूल्यवृद्धि गरेको थियो । पेट्रोलियम पदार्थमा भएको मूल्य बृद्धीपछि यातायातका साधनको भाउ बढेको छ । ग्यासको मूल्य बृद्धीले जनताको चुल्हो महंगो भएको छासरकारी स्वामित्वको नेपाल आयल निगमलाई सधै नाफा हुनेगरी स्वचालित मूल्य प्रणाली लागू गरिएको छानेपालीको चाडपर्व शुरु भए संगै मूल्य वृद्धि भएको छ। जनताको जीवन थप कष्टकर बनेको छासरकारले जनतालाई राहत दिनुको साटो मूल्य बढाएर आहत पुऱ्याउने काम गरेको छ । सरकार जनताप्रति जवाफदेही छैन भन्ने देखिएको छ।

भारतीय आयल कर्पोरेशनले भदौ १४ गते पठाएको नयाँ मूल्य सूची अनुसार नेपालमा पनि मूल्य बढेको निगमले जनाएको छा पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ र डिजेल तथा मट्टीतेलमा प्रतिलिटर तीन रुपैयाँ बढाइएको छ । अब चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा पेट्रोल प्रतिलिटर १७९ रुपैयाँ ५० पैसा, सुर्खेत र दाङमा प्रतिलिटर १८१ रुपैयाँ तथा काठमाडौं, दाङ र दिपायलमा प्रतिलिटर १८२ रुपैयाँ पुगेको छ।

यसैगरी, चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्जमा डिजेल र मट्टीतेल प्रतिलिटर १६७ रुपैयाँ ५० पैसा, सुर्खेत र दाङमा प्रतिलिटर १६९ रुपैयाँ तथा काठमाडौं, दाङ र दिपायलमा प्रतिलिटर १७० रुपैयाँ पुगेको छ। त्यस्तै, खाना पकाउने ग्यास प्रतिसिलिन्डर २३५ रुपैयाँ बढाइएको निगमले जनाएको छ । अब देशभर ग्यासको मूल्य प्रतिसिलिन्डर एक हजार ८९५ रुपैयाँ पुगेको छा यसअघि एक हजार ६६० रुपैयाँ थियो।

यसअघि साउन ३१ मा पनि निगमले पेट्रोलमा प्रतिलिटर पाँच रुपैयाँ र डिजेल तथा मट्टीतेलमा प्रतिलिटर १४ रुपैयाँ बढाएको थियो । स्वचालित मूल्य प्रणाली लागू गरिएको र अब भारतमा बढ्दा नेपालमा पनि बढ्ने तथा भारतमा घट्दा नेपालमा पनि घट्ने निगमको भनाइ छा पेट्रोलियम पदार्थमा सरकारले लगाएको चर्को कर घटाएर जनतालाई मूल्य बृद्धीको भार बढाउनुपर्ने थिएन । जनतालाई कर माथि कर थोपरेर मूल्य बढाउने रआयल निगम भित्र हुने चुहावट रोक्न सरकारले सकेको छैन। करमाथि करको भार कम गर्ने र निगम भित्रको अनियमितता हटाउन सकेमा मात्र सरकारको दावी पत्याउन सकिनेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गण्डकीका सात सय ५९ वडामा सुरु भयो माओवादीको रुपान्तरण अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले गण्डकी प्रदेशका सात सय ५९ वटै वडामा 'जनतासँग माओवादी विशेष रुपान्तरण' अभियान सुरु गरेको छ।

देशव्यापी तीन महिनाको अभियान कार्यक्रमअन्तर्गत प्रदेशका ११ वटै जिल्लाका ८५ पालिकाका सबै वडामा आज एकैदिन उद्घाटन गरिएको पार्टीका केन्द्रीय सचिव एवं गण्डकी प्रदेशका इन्चार्ज देवेन्द्र पौडेलले बताउनुभयो । अभियानका लागि माओवादीले गण्डकीमा पार्टीका केन्द्रीय सदस्यहरूलाई पालिका र प्रदेश कमिटीका सदस्यहरूलाई वडामा जिम्मेवारी दिएर पठाइएको छ। इन्चार्ज पौडेलले अभियान गण्डकी प्रदेशमा उत्साहपूर्ण तवरले सुरु भएको बताउनुभयो। उद्घाटन समारोहमा विभिन्न गीत, सङ्गीत तथा नृत्य प्रस्तुत गरेर कार्यक्रम उल्लासमय बनाइएको थियो । अभियानको तयारीका भदौ पहिलो सातादेखि नै नेता-कार्यकर्ता आन्तरिक तयारीमा खटिएका थिए। इन्चार्ज पौडेलले भन्नुभयो, "प्रदेशका सम्पूर्ण वडामा आज एकैसाथ अभियानको शुभारम्भ भएको छ । पार्टी नेता, कार्यकर्ता र जनतामा उत्साह थपिएको छ । सबै वडाले कार्ययोजना बनाएका छन्, सोहीअनुसार तीन महिनासम्म प्रत्येक घर-घरमा पुग्ने गरी अभियान सञ्चालन हुन्छ ।" जनतासँग माओवादी अभियानअन्तर्गत हरेक नेता एउटा वडामा जानुपर्ने निर्णय माओवादीले गरेको छ । सोहीअनुसार प्रदेशका इन्चार्जसमेत रहनुभएका सचिव पौडेलले पोखरा महानगरपालिका-२० भलाममा अभियानको उद्घाटन गर्नुभयो।

सो अवसरमा नेता पौडेलले विगतमा भए गरेका गल्तीहरू सच्याउँदै एकताबद्ध भएर पार्टी निर्माणमा लाग्ने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "जनताको बीचमा जाऔँ, जनताका कुरा सुनौँ, आलोचना सहौँ भनेर अभियान सुरु गरेका छौँ । पार्टी बनाउनका लागि हामी सबै अब सच्चिर अघि बढ्नु पर्दछ ।" नेता पौडेलले अभियानका क्रममा जनताका घर-घरमा जाने, टोलमा जाने, श्रममा जोडिने, सदस्यता वितरण गर्ने आलोचना सुन्ने र जनताबाट सुझाव लिने गरी कार्ययोजना बनाइएको बताउनुभयो। अभियानले पार्टीका सम्पूर्ण नेता, कार्यकर्तासहित जनतामा समेत उत्साह छाएको उहाँले बताउनुभयो।

"सरकारले सुशासनको पक्षमा काम गर्दा जनताले सम्मान गरेका छन् । कहीँकतै आलोचना पनि गरे होलान्। तर आलोचनाबाट डराउन हुँदैन । विरोध र असहमति ग्रहण गर्दै अघि बढ्नु आवश्यक छ", पौडेलले भन्नुभयो । उहाँले गण्डकी प्रदेशका पार्टीका सबै सदस्यलाई देश, पार्टी र राष्ट्रियताको पक्षमा उभिदै जनताका दुःख, सुखमा तथा विकास निर्माणका काममा सधैं साथमा रहन आग्रह गर्नुभयो।

# म्याग्दीको गुर्जालाई जडीबुटी खेतीको अध्ययन केन्द्र बनाइँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ भदौं

म्याग्दीको उपल्लो लेक धौलागिरि गाउँपालिका-१ गुर्जाको सामुदायिक वनमा गरिएको जडीबुटी खेती प्रभावकारी बन्दै गएको छ । तीन वर्ष अघिदेखि गुर्जाको पिउथिवा सामुदायिक वन उपभोक्ता समूहले गुर्जा नाइलीवाङको करिब १० रोपनी जमिनमा अतिस र सेदकचिनी (खिरौला) लगायतका विभिन्न जातको जडीबुटी खेती सुरु गरेको थियो।

डिभिजन वन कार्यालयको सहयोगमा एक लाख ३५ हजार अतिस र खिरौलाका बिरुवालगायत अन्य बहुमूल्य जडीबुटी निकै राम्रोसँग फस्टाउँदै गएकाले गुर्जालाई जडीबुटीको 'हब' र अध्ययन केन्द्र बनाउन लागिएको धवलागिरि-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो। समूहमा आबद्ध २५ जनाले सामूहिक रूपमा श्रमदान गरेर बाँझो जमिन खनजोत गरेर रोपेका बिरुवा अहिले उत्खननयोग्य बनेका उहाँले बताउनुभयो । जडीबुटीको संरक्षणका लागि स्थानीय प्रविधिको प्रयोग गरेर ढुङ्गाको एक सय पाँच मिटर लामो पर्खालसमेत निर्माण गरिएको छ। "हामीले जडिबुटी खेतीको पनि परीक्षण गरिसक्यौँ", वडाध्यक्ष छन्त्यालले भन्नुभयो, "परीक्षण सफल भयो, अब हामीले गुर्जालाई देशैभरिका अध्ययेताका लागि लक्षित गरी जडीबुटी अध्ययन केन्द्र बनाउने तयारी गरेका छौँ ।" उहाँका अनुसार यहाँ अतिस, विषमा, खिरौला, विषजरा, पदमचाल, अमलवेद लगायतका दुई दर्जन बढी प्रजातिका जडीबुटीको खेती सुरु गरिएको छ । डिभिजन वन कार्यालयले गत आर्थिक वर्ष २०७९/८० मा जडीबुटी खेतीका लागि रु चार लाख ८० हजार सहयोग गरेको वडाध्यक्ष छन्त्यालले जानकारी दिनुभयो । "उपभोक्ताले कूल लागतको १० प्रतिशत लागत साझेदारी गरेका छन्", उहाँले भन्नुभयो "प्राकृतिक रूपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रममार्फत कार्यालयले सहयोग गरेको हो ।" यसअघि परीक्षणका लागि गरिएको जडीबुटी खेती सफल भएपछि व्यावसायिक खेती विस्तार गरिएको हो । बाँझो खेतीयोग्य जमिनको सदुपयोग, संरक्षण र स्थानीयको आयआर्जन सुधारका लागि जडीबुटी खेती विस्तार गरिएको जडीबुटी खेती समूहका अध्यक्ष तुलसी छन्त्यालले जानकारी दिनुभयो । "यसअघि गरिएको खेती सफल भयो, यहाँको भूगोल र हावापानी जडीबुटी खेतीका लागि अनुकूल छ", उहाँले भन्नुभयो, "बाँझिएको खेतीयोग्य जमिनको संरक्षण र सदुपयोग पनि भएको छ।" विसं २०७७ मा सात हजार बिसजरा जातको जडीबुटीका बिरुवा रोपिएका थिए। विसं २०७८ मा हिमाली कृषि सहकारी संस्थामा आवद्ध किसानले दुई रोपनी जग्गामा अतिसका बिरुवा रोपेका थिए। बजारमा अतिस, खिरौला र बिसजराको माग उच्च छ।

# राष्ट्रिय बहुउद्धश्यीय सहकारीको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

राष्ट्रिय बहुउद्देश्यीय सहकारी संस्था लि., रामबजारको २१ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

मुख्य कार्यालय रामबजारमा भएको सभाको उद्घाटन गर्दै पूर्व मन्त्री एवं संस्थाका संरक्षक उत्तमबहादुर पुनले संस्थाप्रति सञ्चालक र सेयरधनीलाई अझ बढी सक्रिय हुनुपर्ने सुझाव दिए। वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष पूर्णप्रसाद शर्माले संस्थाको सेयर बर्सेनि वृद्धि हुँदै जानु सकारात्मक भएको बताए ।



कार्यक्रममा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन समिति संयोजक प्रताप पुनले प्रस्तुत गरेका थिए । स्वागत मन्तव्य उपाध्यक्ष रवीन्द्र गर्बुजा पुनले गरेका थिए। कार्यक्रम सञ्चालन सचिव ताराकुमारी थापा केसीले गरेका थिए।

# पोखराका ४ विद्यालयहरूको काठमाडौँ विश्वविद्यालयसँगको सहकार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

शिक्षण गर्ने परम्परामा परिवर्तन आवश्यक छ भन्ने मान्यतामा आधारित रहेर पोखराका चार विद्यालयहरूले शैक्षिक गुणस्तरका नवीन विधि, अनुसन्धानमूलक, धारणात्मक सिकाइ अनि परियोजनाका माध्यमले सुधारको अपेक्षा गरी काठमाडौँ विश्वविद्यालयसँग गरेको सम्झौताअनुसार पोखरामा स्कुल लिडरलाई दिइने ४८ घण्टाको तालिम तालिम सम्पन्न भएको छ।

तालिममा पोखराका बाल प्रभात बोर्डिङ, लक्ष्मी आवासीय मा.वि. बालोदय मा.वि, र जुनियर सिटिजन्स एकेडेमीका स्कुल लिडिरहरूको सहभागिता रहेको थियो। काठमाडौँ विश्वविद्यालयका प्रोफेसर तथा डिन बालचन्द्र लुइँटेल र सन्दीप ढुङ्गानाले सहजीकरण गर्नुभएको थियो ।



सिकाइलाई प्रभावकारी तथा समय सापेक्ष बनाउनका लागि काठमाडौँ विश्वविद्यालयसँग सहकार्य गरेको बाल प्रभात माविका प्रिन्सिपल डिल्लीराम अर्यालले बताए । उक्त कार्यक्रममा लक्ष्मी आवासीय माविका विश्व उदिर, बालोदय माविका टेकनाथ पौडेल र जुनियर सिटिजन्सका सुन्दर ढकालले पनि कार्यक्रमको उपयोगितमाथि प्रकाश पारेका थिए। स्कुल लिडिरहरूलाई एकीकृत पाठ्यपुस्तक ढाँचा र त्यसको अध्यापनमा अपनाइने नवीन विधि तथा परियोजनामा केन्द्रित व्यवहारिक अभ्यासको खाकासमेत प्रस्तुत गरिएको थियो। यस सहकार्यले दक्ष र सक्षम शिक्षक अनि सिपयुक्त विद्यार्थी उत्पादनमा महत्त्वपूर्ण भूमिका रहने सहकार्य गर्ने विद्यालयको अपेक्षा रहेको छ। यसै कार्यक्रममा दुवै संस्थाबिच सम्झौता पत्रमा हस्ताक्षर गरी हस्तान्तरण गर्ने काम पनि सम्पन्न भएको छ।

# पुस्तकालय दिवस : वक्तृत्वकलामा पाण्डे प्रथम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ साउन

सोह्रौं पुस्तकालय दिवसका अवसरमा स्याङ्जाको कालीगण्डकीमा आयोजना भएको वक्तृत्वकला प्रतियोगितामा राधा पाण्डे प्रथम हुनुभएको छ।

मातृभूमि सामुदायिक पुस्तकालय विर्घाको आयोजनामा भएको अन्तर माध्यमिक तह स्तरीय वक्तृत्वकला प्रतियोगितामा जनता माध्यमिक विद्यालय विर्घा अर्चलेकी छात्रा पाण्डे प्रथम हुनुभएको हो । 'पुस्तौं पुस्ताका लागि पुस्तकालय' विषयक शीर्षकमा गरिएको प्रतियोगितामा पालिकाभित्रका आठ विद्यालयको सहभागिता रहेको मातृभूमि पुस्तकालयका सचिव नारायणप्रसाद पाण्डेले बताउनुभयो। प्रतियोगितामा देउराली माध्यमिक विद्यालयका छात्र विष्णु पाण्डेय द्वितीय, जनहित माध्यमिक विद्यालयका छात्रा एन्जिला राना तृतीय हुनुभएको थियो। प्रतियोगिताका विजेताहरूलाई पुरस्कार वितरण कार्यक्रममा कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा, उपाध्यक्ष साबित्रा कोईराला, वडा नं. ४ का वडा अध्यक्ष यादवप्रसाद पाण्डे, जनहित माध्यमिक विद्यालयका प्रधानाध्यापक केशर पाण्डे, पुस्तकालयका कार्यवाहक अध्यक्ष हिमलाल पाण्डे, कोषाध्यक्ष चुमकला पाण्डेले मातृभूमि पुस्तकालय स्थापना भएसँगै यस क्षेत्रमा पुस्तक पढ्ने बानीको विकास हुँदै गएको बताउनुभयो।

यसैबीच, काठमाडौंमा आयोजित एक कार्यक्रमकाबीच पुस्तकालयकर्मीमध्ये स्याङ्जाको कालीगण्डकी ४ बिर्घाको मातृभूमि सामुदायिक पुस्तकालयका जोगप्रसाद पाण्डे सम्मानित हुनुभएको हो । पुस्तकालय क्षेत्रमा विगत ३० वर्षदेखि निरन्तर लाग्नुभएका पाण्डेलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका मन्त्री अशोककुमार राईले सम्मान गर्नुभएको हो।


**पोखरा उद्योग वाणिज्य संघ**
गैह्रापाटन, पोखरा

श्री साधारण, कर्पोरेट, औद्योगिक, तथा वस्तुगत सदस्यज्यूहरु,

**६९ औ वार्षिक अधिवेशन सम्बन्धी सूचना**

मिति : २०८०/०५/१७

पोखरा उद्योग वाणिज्य संघको २०८० श्रावण ३१ गते बसेको कार्यसमितिको बैठकको निर्णयानुसार यस संघको ६९ औ वार्षिक अधिवेशन २०८० असोज ६ गते शनिबार हुने व्यहोरा सदस्य महानुभावहरूलाई सहर्ष जानकारी गराउन चाहन्छौं ।

पोखरा उद्योग वाणिज्य संघको विधान २०६५ (पहिलो संशोधन-२०७२) को परिच्छेद ५ (साधारण सभा, साधारण सभाको काम, कर्तव्य र अधिकार) धारा ५.१.५ अनुसार सदस्य महानुभावहरूको जानकारीका लागि निम्न मिति, स्थान, र समयमा हुने वार्षिक अधिवेशनसम्बन्धी यो सुचना पठाइएको छ । विधानको धारा ५.२.१ अनुसार अधिवेशन (साधारण सभा) मा विचारार्थ प्रस्तुत गरिने कुनै प्रस्ताव भए साधारण सभा हुनुभन्दा १० दिन अगावै संघको सचिवालयमा आइपुग्ने गरी पठाइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**वार्षिक अधिवेशन कार्यक्रम :**

मिति : २०८० असोज ६ गते, शनिबार ।
स्थान : पोउवा संघ सभाकक्ष ।

१. **प्रथम सत्र** : समुद्घाटन समारोह
समय : विहान ८:३० बजे ।
२. **दोस्रो सत्र** : साधारण सभा
समय : अपरान्ह १ :०० बजे ।

**सभामा छलफल गर्ने विषयहरु :**

- महासचिवबाट वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।
- कोषाध्यक्षबाट आ.व. २०७९।०८० को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।
- कोषाध्यक्षबाट आ.व. २०८०।०८१ को अनुमानित आयव्यय प्रस्तुत, छलफल र पारित ।
- प्रस्तावहरूबारे छलफल ।
- विविध ।

**बलराम आचार्य**
महासचिव

# हेमजा साहित्य प्रतिष्ठानमा मोतीरामको चर्चा र प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं



हेमजा साहित्य प्रतिष्ठान नेपालले १५८ औं मोतीजयन्तीको पूर्व सन्ध्यामा मोतीराम भट्टको व्यक्तित्व र कृतित्वको चर्चाका साथै गजल प्रशिक्षण सम्पन्न गरेको छ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकालले मोतीराम भट्टले नेपाली भाषा साहित्यमा दिएको योगदानको तुलना नै हुन नसक्ने बताए। ढकालले देशको विकास निर्माण बाटाघाटा, पुलपुलेसा मात्र नभएर सभ्यता र संस्कृतिको संरक्षण पनि देश निर्माणको अभिन्न अङ्ग भएको बताए। प्रतिष्ठानको रजतजयन्तीका सन्दर्भमा मोती जयन्ती सन्दर्भमा सहकार्य गर्न पाउनु प्रतिष्ठानका लागि एउटा गौरवको विषय भएको बताउँदै प्रतिष्ठानद्वारा अर्पण गरिएको रजतजयन्ती विशेष सम्मानका लागि आभारसमेत व्यक्त गरे।

प्रज्ञा-प्रतिष्ठानका बारेमा बोल्दै ढकालले प्रतिष्ठानको कानूनमा महानगरको प्रमुख कार्यकारी अधिकृत सदस्य-सचिव रहने व्यवस्थाले प्रतिष्ठानका गतिविधि सञ्चालनमा सदस्य-सचिव महानगरकै काममा व्यस्त रहनुपर्दा स्वतस्फूर्त कार्य सम्पादनमा असहजता भएकोसमेत जानकारी गराए। गण्डकी प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले हेमजा साहित्य प्रतिष्ठान यस क्षेत्रको एउटा गौरवका रूपमा अगाडि बढेको देख्दा आफूलाई निकै खुसी लागेको धारणा राखे।

मोतीराम भट्टको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्दै अन्तर ाष्ट्रिय नेपाली साहित्य समाज अनेसास गण्डकी समितिका महासचिव असफल गौतमले नेपाली भाषासाहित्य सिर्जना र सङ्गठनका अलौकिक र प्रेरक आधिकारिक प्रतिभाकारूपमा मोतीराम भट्टलाई चिनाए। उनले मोतीराम भट्टले कोरेको भानुभक्त आचार्यको मुहारचित्र र नेपाली भाषामा पहिलो नेपाली गजल रेकर्ड गराउने गीतकार व्यक्तित्वलाई ओझेलमा पार्न नहुनेमासमेत जोड दिएका थिए।

मुख्य प्रशिक्षक अनुराग अधिकारीले सिकाइ कहिल्यै पनि पूरा नहुने भएकाले भाइबहिनीले सिकेका कुरा दैनिक जीवनमा लागू गर्न साधनाको सधैँ खाँचो रहने बताए। उनले यस्ता प्रशिक्षण पाठ्यपुस्तकको पढाइ जस्तो नभएकाले जति धेरै प्रयास उति धेरै सफलता मिल्ने भएकाले निरन्तर प्रयासमा लाग्न सुझावसमेत दिए। कार्यक्रम संयोजक सुनिल गायकले प्रतिष्ठानका गतिविधिमा सहभागी हुँदै आउँदा आज मोतीराम जयन्तीको सन्दर्भमा कार्यक्रम संयोजन गरेर पछिल्लो पुस्ताका भाइबहिनीलाई गजलप्रति आकर्षित गर्न पाउँदा आफूलाई गौरवबोध भएको धारणा राखे।

प्रतिष्ठानका सचिव परशुराम अधिकारीले प्रतिष्ठान स्थापनाको रजतवर्षमा वार्षिक नियमित कार्यक्रमबाहेक २५ फरक-फरक प्रकृतिका विशेष कार्यक्रम अन्तर्गत पोखरा प्रज्ञा-प्रतिष्ठानको आर्थिक सहयोगमा नवौं कार्यक्रम मोतीराम भट्टको व्यक्तित्व तथा कृतित्वको परिचर्चा र गजल प्रशिक्षण राखेको बताए। हेमजा क्षेत्रका ४५ जना विद्यार्थी तथा गजल अनुरागी स्रष्टा साहित्यसेवीको सहभागिता रहेको कार्यक्रममा सहभागी सबैले गजल लेखेर प्रस्तुतसमेत गरेका थिए।

सहभागीमध्ये महिलातर्फबाट सरिता थापाले प्रशिक्षण निकै प्रभावकारी रहेको र साहित्य लेखनले खराब प्रवृत्तिका गतिविधिलाई निरुत्साहित गराउन पनि सहायता गर्ने बताइन्। पुरुषतर्फबाट मिजास विकले प्रशिक्षणबाट अब आफूलाई अब गजल लेख्न सक्छु भन्ने हिम्मत बढेको धारणा राखे। अध्यक्ष बलराम पौडेलले प्रतिष्ठानका हरेक गतिविधिलाई सफल पार्न सहयोग गर्ने कार्यसमितिका पदाधिकारी, विभिन्न सहयोगी दाता, शुभेच्छुक, शुभचिन्तकप्रति आभार व्यक्त गरे। साथै उनले २३ गते आयोजना हुने गजल प्रतियोगितालाई सफल पार्न सबैलाई सहयोग गर्न र भाइबहिनीलाइ 'सहभागिताका लागि आग्रहसमेत गरेका थिए।

# मिस्टर एण्ड मिस विश्वकर्मा इनटरकन्टीनेन्टल गण्डकी हुने

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं




विबा्स इन्टरटेन्मेन्टले विश्वकर्मा समुदायको युवायुवतीहरूको प्रतिभा प्रस्फुटन गराउनका लागि यो प्रतियोगिता आयोजना गरेको शनिबार आयोजकले पोखरामा पत्रकार सम्मेलन मार्फत जानकारी गराए।

यो प्रतियोगिता गण्डकी प्रदेशमा बसोबास गर्ने विश्वकर्मा समुदायका युवायुवतीलाई लक्षित गरेर आयोजना गरिएको सौन्दर्य प्रतियोगिता भएको उनीहरूको भनाइ छ। विश्वकर्मा समुदायका १६ देखि २९ वर्ष उमेरका अविवाहित युवायुवतीले प्रतियोगितामा भाग लिन सक्नेछन्। प्रतियोगिताको लागि फाराम खुलिसकेको छ। फाराम भर्नेहरूबिचको अडिसन मार्फत उत्कृष्ट १५ पुरुष र उत्कृष्ट १५ महिला छनोट गरेर असोजको ५ गतेदेखि १९ गतेसम्म विभिन्न चरणमा तालिम हुनेछ। तालिममा सम्बन्धित क्षेत्रका विज्ञहरूले सहजीकरण गर्नेछन्। प्रतियोगिताको फाइनल प्रतिष्पर्धा आगामी असोज २० गते पोखरामा भव्य कार्यक्रमको आयोजना गरेर गरिनेछ। प्रतियोगिताको दुवै विधाका विजेताले उपाधि सहित नगद ५० हजार हात पार्नेछन्। यसका अलावा काठमाडौँमा आयोजना हुने मिस्टर एण्ड मिस विश्वकर्मा इनटरकन्टीनेन्टल सिजन थ्री मा सहभागी हुन पाउनेछन्।

यस अगाडिको श्रृङखला काठमाडौँमा मात्र केन्द्रित भए पनि यसपालि सबै प्रदेशमा प्रतियोगिता आयोजना गरेर त्यहाँबाट विजेता बनेकाहरूबिच काठमाडौँमा प्रतिष्पर्धा गराउन लागिएको आयोजकले खुलाए।पोखरामा आयोजना हुने प्रदेश स्तरीय प्रतियोगितामा ९ लाख ५० हजार खर्च हुने आयोजकको अनुमान छ। प्रतियोगितामाबाट बचत भएको रकम पोखरा २२ मा निर्माण भइरहेको विश्वकर्मा संग्रहालय निर्माणसँगै विभिन्न सामाजिक कार्यमा खर्चने आयोजकले बताए। पत्रकार सम्मेलनमा इभेन्ट इन्चार्ज बुद्धि वि.क. लामगादे, सल्लाहकार गणेश बराइली, इभेन्ट डाइरेक्टर पवन रामदाम, प्रेस संयोजक सूर्य सिकारु लगायतले बोलेका थिए।

विश्वकर्मा समुदायका युवायुवतीलाई विभिन्न नेतृत्व तथा व्यक्तित्व विकासका साथै सामाजिक कार्यमा अग्रसर गराउनका लागि प्रतियोगिताको आयोजना गरिएको जनाईको छ।

# गिद्धका लागि बासस्थान गम्भीर चुनौती बन्दै

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं

बासस्थानको अभावमा प्रकृतिको कुचिकार मानिने गिद्ध सङ्कटमा पर्दै गएको छ। पछिल्ला दशकमा मानवीय अतिक्रमणका कारण पोखरा र आसपासमा रहेका गिद्धका प्रमुख बासस्थान सङ्कटमा पर्दै गएका छन्।

पोखरा महानगरपालिका-१५ छिनेडाँडास्थित फोहर बिसर्जन स्थल परिवर्तन गरिएपछि थप चुनौती थपिएको छ। पोखरा उपत्यकामा बढ्दो बस्ती विकासको क्रमसँगै विगत दुई दशकयता गिद्धका प्रजाति लोपहुँदै गएका छन्। गिद्धको बासस्थान विशेषतः अग्लो सिमलको रूख नै हो। सिमलका रूखमा उनीहरू बस्ने र गुँड लगाउने गर्दछन्। पोखरा आसपासका क्षेत्रमा बस्तीको विकाससँगै यहाँ रहेका सिमलका रूख काटिने क्रमसँगै उनीहरूको वासस्थान सङ्कटमा परेको छ। पोखरा उपत्यकाका चाउथे, मझेरीपाटन, बिरुवा, गैरीखेतलगायत स्थानमा करिब १५/१६ वर्ष अघिसम्म ठूलै सङ्ख्यामा गिद्ध पाइने भए पनि अहिले ती ठाउँमा लोप भइसकेका छन्। सिमलका रुख काटिनुका साथै बढ्दो बस्ती र यातायातका साधन एवम् उद्योगबाट निस्कने धुलो धुँवाका कारण गिद्ध सङ्कटमा परेका छन्। पोखरा अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै छिनेडाँडास्थित फोहर बिसर्जन केन्द्रलाई पोखरा- ३२ लामेआहालमा सारिएपछि गिद्ध पुनःसङ्कटमा परेका छन्। फोहर बिसर्जन केन्द्र सारिए पनि त्यहाँबाट गिद्ध पूर्णरुपमा वास्थान छाडेर गई नसकेको पोखरा पक्षी समाजका सचिव हेमन्त ढकालले जानकारी दिनुभयो। १५औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसका अवसरमा पोखरा र तनहुँका विभिन्न आठ ठाउँमा गरिएको गिद्ध गणनाका क्रममा पुरानो ल्यान्डफिल साइडमा ४०-५० वटा गिद्ध फेला परेका ढकालले बताउनुभयो। नेपालमा गरिएका विभिन्न अध्ययनले विगत दुई दशकमा गिद्धको सङ्ख्या घट्दै गएको देखाएको छ। बासस्थान सङ्कटमा पर्दै जानुका साथै गाईबस्तुलाई प्रयोग गरिने डाइक्लोफेनेकजस्ता औषधिको प्रयोगका कारण पनि गिद्ध सङ्कटापन्न अवस्थामा पुगेका हुन्। पछिल्लो समयमा गाईबस्तु पाल्ने क्रम पनि अत्यधिक कम हुँदै गएको र मरेपछि विगतमा जस्तै फाल्ने क्रम पनि कम हुँदै जाँदा पनि उनीहरूको आहारामासमेत समस्या आएको देखिन्छ। डाइक्लोफेनेकको प्रयोग गरी उपचार गराइएका पशु मृत्यु भएपछि उक्त सिनो गिद्धले खाएमा मिर्गौलामा असर भई केही दिनमा नै गिद्ध मर्ने गरेको अध्ययनले देखाएको पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउनुहुन्छ। औषधि व्यवस्था विभागले डाइक्लोफेनेकलाई २०६३ साल जेठ २३ देखि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध लगाई त्यसको विकल्पमा गिद्धलगायत अरू पक्षी र वन्यजन्तुलाई असर नगर्ने प्रमाणित भएको मेलोक्सिक्याम औषधि बजारमा ल्याएको छ। विश्वमा पाइने २३ प्रजातिका गिद्धमध्ये दक्षिण एशियामा नौ प्रजातिका गिद्ध पाइन्छन्।

दक्षिण एशियामा पाइने नौ प्रजाति नेपालमा पनि पाइने र ती सबै प्रजाति पोखरामा पाइने घिमिरेले जानकारी दिनुभयो। सिनो खाएर हैजा, रेबिजजस्ता रोग फैलन नदिन महत्वपूर्ण भूमिका निर्वाह गर्ने गिद्धलाई प्रकृतिको कुचिकार भएका कारण यसको संरक्षणमा जागरुकता आवश्यक रहेको देखिएको छ। गिद्ध संरक्षणको उद्देश्यका साथ शुद्ध आहाराका लागि कास्कीको घाचोकमा केही वर्षयता जटायु रेस्टुरेन्ट सञ्चालनमा आए पनि त्यसको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन। घिमिरेका अनुसार नेपालमा पाइने गिद्धका प्रजातिमध्ये डङ्गर, सुन, सानो खैरो, हिमाली, हाडफोर र सेतो गिद्ध यहाँका रैथाने प्रजातिका हुन् भने लामो ठुँडे, राज र खैरो गिद्ध हिउँदको समयमा आउने गर्दछन्।

त्यस्तै हिउँदको समयमा लामो ठुँडे भारतबाट आउँछ भने खैरो गिद्ध मङ्गोलियाबाट आउँछन्। त्यस्तै राज गिद्ध पाकिस्तान र किर्गिस्तानबाट आउने गरेका छन्। पछिल्लो तथ्याङ्क अनुसार नेपालमा पाइने हिमाली गिद्धको सङ्ख्या १० हजार तथा डङ्गोर र सेता गिद्धको सङ्ख्या दुई हजार रहेको छ। त्यस्तै नेपालमा सुन गिद्ध र हाडखोर गिद्ध करिब पाँच/पाँच सयको सङ्ख्यामा रहेको बताइएको छ। नेपालमा पाइने सानो खैरो गिद्धको सङ्ख्या भने ५० देखि ७५ को हाराहारी छ। पोखरा पक्षी समाजले विगत १० वर्षयता प्रत्येक वर्ष पोखरा र आसपासका क्षेत्रमा पाइने गिद्धको गणना गर्दै आएको छ। समाजले पोखराका पाँच ठाउँ घाचोक, पुम्दीभुम्दी, पुरानो एवम् नयाँ ल्यान्डफिल साइड र दोभिल्लामा यसवर्ष पनि गिद्ध गणना गरेको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो। समाजले आजै तनहुँका तीन ठाउँ व्यास नगरपालिका-१० स्थित शिशुवाभतेरी, शुक्लागण्डकी नगरपालिकास्थित गौ संरक्षण केन्द्र र दमौलीस्थित ल्याण्डफिल साइडमा गिद्धको गणना गरेको उहाँले बताउनुभयो।

# नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेजको अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं




नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेज इकाई समितिको आयेजनामा "असल श्रम समन्वय र श्रमिकका चुनौति"विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा बरिष्ठ हाडजोर्नी विशेषज्ञय प्राध्यापक डा.ईश्वर शर्मा कडेल,बरिष्ठ बाल रोग विशेषज्ञय सह-प्राध्यापक डा शंकर पौडेल र संगठन ब्यवस्थापन एंवम् परिचालन प्रमुख हरि बहादुर बस्नेतले श्रमिकका समस्या र चुनौतीका समसामयिक विषयमा बोलेका थिए। कार्यक्रममा नेपाल स्वास्थकर्मी संघ गण्डकी मेडिकल, कलेज इकाई समीतिका अध्यक्ष दिपक कार्कीले श्रमीकका समस्या समाधान गर्न युनियन सधै तत्पर रहेको भन्दै संस्थाको प्रगती र विकासमा सधै इमान्दार एंवम् उतरदायी भएर कार्य क्षेत्रमा लाग्न आग्रह गरेका थिए।

कायक्रममा कोषाध्याक्ष अमृत पौडेलले युनियनको वित्तिय विबरण बारे प्रकाश पारेका थिए। कार्यक्रममा युनियनमा बिशेष योगदान गर्ने वुद्दि वहादुर थापा,किशान परियार र सुर्य बहादुर कार्कीलाई सम्मान गरिएको थियो। कास्कीको पर्यटकीय गाउँ याङ्जाकोटमा सम्पन्न भएको अन्तरक्रियामा नेपाल स्वास्थकर्मी संघ गण्डकी मेडीकल कलेजको टोलीलाई मादी गाउँपालिका वडा नं ३ का जनप्रतिनिधि दिपा गुरूङ र छापा आमा समुहबाट स्वागत गरिएको यियो। नेपाल स्वास्थकर्मी संघ गण्डकी मेडिकल, कलेज इकाई समीतिका अध्यक्ष दिपक कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य सल्लाहकार महेन्द्रराज कोईरालाले गरेका थिए भने कार्यक्रम सन्चालन सचिव राजन पोखेलले गरेका थिए।

# पन्ध्र शैयाको नगर अस्पताल स्वास्थ्य सहायकका भरमा

पोखरापत्र संवाददाता
पर्वत, १६ भदौं

कुस्मा नगरपालिका-१२, ठूली पोखरीमा रहेको नगर अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र डाक्टरविहीन बनेको छ।

एक एमबिबीएस डाक्टरसहित १३ जनाको दरबन्दी रहेको अस्पताल विगत पाँच वर्षदेखि स्वास्थ्य सहायक (हेल्थ असिसटेन्ट)ले निमित्तका रूपमा चलाउँदै आएका छन्। दरबन्दीमा रहेका डाक्टर अध्ययन बिदामा गएपछि हालसम्म अन्य डाक्टर आएका छैनन्। तत्कालीन डा विवेक भण्डारी २०७५ सालमा अध्ययन बिदामा गएपछि दरबन्दीका कुनै डाक्टर आउन सकेका छैनन्।

सुविधासम्पन्न भौतिक पूर्वाधार, एम्बुलेन्ससहित आधुनिकयन्त्र उपकरण भए पनि दरबन्दी अनुसारका चिकित्सक र प्राविधिक नआएपछि सेवाग्राही मारमा परेका छन्। अस्पतालका निमित्त प्रमुख भीमकुमारी लामिछानेले भन्नुभयो, "दरबन्दीका डाक्टर नै जिल्लामा नभएर होला, भएको भए त आउनुपर्ने हो।" नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा दिन ग्रामीण क्षेत्रमा खोलिएको आधार भूत अस्पताल दरबन्दीअनुसारका स्वास्थ्यकर्मी नहुँदा सर्वसाधारण सामान्य बिरामी हुँदासमेत पोखरा तथा काठमाडौं पुग्नुपर्ने बाध्यता छ।

देश सङ्घीय संरचनामा गएपछि दरबन्दीमा डाक्टर आउन छाडेका हुन्। स्थानीय तह र प्रदेश सरकारले व्यवस्थापन नगरेका कारण समस्या भएको उहाँको भनाइ छ। दक्ष जनशक्तिकै अभावमा अस्पतालमा रहेका एक्सरे र भिडियो एक्सरे मेसिनसमेत अलपत्र बनेका छन्। केही समय एमबिबीएस सकेपछि अनिवार्य सेवा गर्नुपर्ने भएकाले एक/दुईजना डाक्टर आएको भए पनि उनीहरूको समेत सेवा सकिएपछि प्राथमिक स्वास्थ्य केन्द्र निमित्तको भरमा चलेको हो।

अहिले स्वास्थ्य केन्द्रमा करार सेवाका एक स्वास्थ्य सहायक, एक ल्याब असिस्टेन्ट, एक स्टाफ नर्स, तीन अनमी र स्थायी एक अहेब रहेका छन्।

